जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १८४ २०७७ साल फागुन ८ गते शनिबार (20 Feb. 2021 Saturday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : असन्तुष्ट पक्षलाई शान्तिपूर्ण ... ३ पृष्ठमा : कमला सिँचाइको ... ३ पृष्ठमा : पाकिस्तानमा पाँच ...

# राजावादीहरुले फागुन ३० गते जनआन्दोलनको मिति घोषणा गर्दै



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

आगामी फागुन ३० गते राजावादीहरुले एक कार्यक्रमको आयोजना गर्दै जनआन्दोलनको मिति घोषणा गर्ने तयारी गर्ने भएका छन् ।

राजविराजमा शुक्रबार राजावादीहरुले एक कार्यक्रमको आयोजना गरि राजासहितको हिन्दु अधिराज्य स्थापनामा जोड दिँदै फागुन ३० जनआन्दोलनको घोषण गर्ने तयारी भइरहेको बताएका हुन् ।

पूर्वरानी कोमलको ७१ औं शुभजन्मोत्सवको अवसर पारेर लोक कल्याणकारी जनता पार्टी नेपाल तथा २०४७ को संविधान पुनःस्थापना हाम्रो अभियान नामक संस्थाले संयुक्त आयोजना गरेको कार्यक्रममा बोल्दै उनीहरुले सो जानकारी दिएका हुन् ।

कार्यक्रममा अभियानका संयोजक समेत रहेका लोक कल्याणकारी जनता पार्टी नेपालका अध्यक्ष किशोरी महतोले वर्तमान सरकार र संविधान असफल भइसकेको दाबी गर्दै निकासका लागि अब राजासहितको हिन्दु अधिराज्य एक मात्र विकल्प रहेको जिकिर गरे ।

कार्यक्रममा सो पार्टीका संगठन विभाग प्रमुख सन्तबहादुर रुम्बाले देशको भयाभह अवस्थालाई हेरेर अब राजासहितको हिन्दु अधिराज्यले मात्र मुलुक बचाउने दाबी गरे ।

सोही कार्यक्रममा अभियानका सर्लाही संयोजक शैलेन्द्र सिंहले पटक पटक सत्तामा पुगेका राजनीतिक दलबाट मुलुक संचालन हुन नसक्ने प्रमाणित भइसकेको बताउँदै अब जनताले नै अघि सरेर राजासहितको हिन्दु अधिराज्य निर्माणमा जुट्ने बेला आइसकेको जिकिर गरे ।

रामटहल यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष डा. देवनारायण महतोका साथै किशुनदेव साह, सीताराम खत्वे, रबिन्द्र यादव, पण्डित रामकुमार शास्त्री, ई. सत्यनारायण यादवले पनि बोल्दै राजासहितको हिन्दु अधिराज्य स्थापनामा जोड दिएका थिए ।

कार्यक्रममा मुश्लिम समुदायबाट सहभागि रहेका कंचनरुप र डाक्नेश्वरी नगरपालिकाका मो उदुस शेख, अहमद अली, कयुम अली र अशोका जामिरले पनि राजासहितको हिन्दु अधिराज्य हुनुपर्ने आवश्यक रहेको धारणा राखेका थिए ।

# प्रदेश २ का प्रमुख परियार पदमुक्त, झालाई प्रमुखको जिम्मेवारी

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

राष्ट्रपति विद्यादेवी भण्डारीले शुक्रबार प्रदेश २ का प्रदेश प्रमुखलाई पदमुक्त गरेका छन् ।

मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख तिलक परियारलाई पदमुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ ।

यस्तै मन्त्रिपरिषदले परियारको बर्खास्तीसँगै शुक्रबारै प्रदेश २ का प्रमुखमा राजेश झालाई नियुक्ति गरेको छ ।

परियार सरकारको सिफारिसमा राष्ट्रपतिबाट २०७६ कात्तिक १८ गते प्रदेश प्रमुखमा नियुक्त भएका थिए ।

पदमुक्त भएका परियार पहिलो संविधानसभामा बाँकेबाट माओवादीको उम्मेदवार बनी संविधानसभा सदस्य निर्वाचित समेत भएको थिए ।

# मोटरसाइकल आफै अनियन्त्रित हुँदा चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**

सप्तरीको बोदेबरसाईन नगरपालिकास्थित भित्रि सडकखण्डमा बिहीबार

*बाँकी तीन पृष्ठमा*

# राजविराज कारागारबाट एक महिलासहित १० कैदीबन्दी रिहा






राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा शुक्रबार राजविराज कारागारबाट रिहा भएका कैदीबन्दीहरु ।
*तस्बिर : कारागार प्रशासन*

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन ।**


राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा राजविराज कारागारबाट एक महिलासहित १० जना कैदीबन्दीहरु शुक्रबार रिहा भएका छन् ।

कम्तिमा ५० प्रतिशत कैद भुक्तानी गरिसकेका तथा राम्रो आचरण भएकाहरुलाई राष्ट्रपतिको सिफारिसमा बाँकी कैद मिनाह गरि रिहा गरिएको राजविराज कारागार प्रशासनले जनाएको छ ।

रिहा हुनेहरुमा सवारी ज्यानका सर्वाधिक पाँच जना रहेका छन् भने कर्तव्य ज्यानका तीन र डाँका खुनी तथा बहुविवाहका एक/एक जना कैदीबन्दीहरु छन् ।

कारागार कार्यालय सप्तरी राजविराजका खरीदार सन्दिप देवले दिएको जानकारी अनुसार सवारी ज्यान मुद्दामा सजाय

*बाँकी दुई पृष्ठमा*



# तोकिएका मितिमा निर्वाचन सम्पन्न गर्छौं : प्रमुख आयुक्त थपलिया

काठमाडौं, ७ फागगु (रासस)।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्ने आयोगको अर्जुनदृष्टि रहेको बताउनुभएको छ।

पाँचौ निर्वाचन दिवसका अवसरमा निर्वाचन आयोगमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले इतिहासको विरासत र साखलाई खुम्चन नदिइ उत्कृष्ट निर्वाचन व्यवस्थापन निकायको रुपमा आयोगलाई पहिचान दिलाउन कृतसङ्कल्पित भइ निरन्तर प्रयासरत रहने प्रतिवद्धता व्यक्त गर्नुभयो।

आयोगले विक्रम सम्वत् २०१५ मा पहिलो पटक मतदान भएको दिनलाई स्मरण गर्दै सम्वत् २०७३ सालदेखि प्रत्येक वर्षको फागुन ७ गते निर्वाचन दिवस मनाउँदै आएको छ। यस बर्षको निर्वाचन दिवसको मूल नारा "निर्वाचनमा सबै, सधैं, सँगै" भन्ने रहेको थियो। सरकारले आगामी वैशाख १७ र २७ गते गरी २ चरणमा निर्वाचन गर्ने घोषणा गरेअनुरुप आयोग आन्तरिक तयारीमा तीव्ररुपमा जुटिरहेको छ।

प्रमुख आयुक्त थपलियाले भन्नुभयो "स्वच्छ, स्वतन्त्र र निष्पक्षरुपमा निर्वाचन सम्पन्न गर्न/गराउन प्राविधिक तथा व्यवस्थापकीयरुपमा आयोग सक्षम छ, राजनीतिक दलले निर्वाचनका लागि उपयुक्त वातावरण तयार गर्नुपर्ने हुन्छ।"

आयोगका पदाधिकारी तथा सचिवालयका कर्मचारी आयोगको सभाहलमा र जिल्ला निर्वाचन कार्यालयका भर्चुअल माध्यमबाट सहभागी भई आयोजना गरिएको उक्त कार्यक्रमको उहाँले डिजिटल प्रविधिबाट उद्धाटन गर्नुभएको थियो।

सो अवसरमा निर्वाचन आयुक्त नरेन्द्र दाहाल र डा जानकीकुमारी तुलाधरले आसन्न निर्वाचन सम्पन्न गर्न सबै राजनीतिक दल, मतदाता, सरोकारवाला र कर्मचारीले आ-आफ्नो भूमिका र जिम्मेवारीका साथ क्रियाशील हुन आह्वान गर्नुभयो।

निर्वाचन दिवसकै अवसरमा "निर्वाचन" बिषयमा आयोजित कविता वाचन प्रतियोगिता उपसचिव कोमलप्रसाद धमला प्रथम, जिल्ला निर्वाचन कार्यालयका अधिकृत टेकबहादुर कोईराला दोश्रो र जिल्ला निर्वाचन कार्यालयअधिकृत कोपिला राईले तेश्रो घोषित हुनुभयो।

समारोहमा २० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेका १४ कर्मचारीलाई प्रसंशापत्र र नगद पुरस्कारबाट सम्मानित तथा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा उत्कृष्ट कार्यसम्पादन गर्ने आयोग र अन्तर्गत कार्यालयका सात जना कर्मचारीलाईचरु "उत्कृष्ट कर्मचारी पुरस्कार" सहित प्रसंशा गरिएको थियो।

# असन्तुष्ट पक्षलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन प्रधानमन्त्रीको आग्रह

काठमाडौँ, ७ फागुन (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतन्त्र प्राप्तिपछि शान्तिपूर्ण राजनीतिभन्दा अर्को बाटो हुन नसक्ने भएकाले असन्तुष्ट पक्षलाई संवादका माध्यमबाट मूलधारमा आउन आग्रह गर्नुभएको छ। ७१ औं प्रजातन्त्र दिवसका अवसरमा शुक्रबार सैनिक मञ्च टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले शान्तिपूर्ण लोकतान्त्रिक प्रणालीप्रतिको आफ्नो आस्था एवं विश्वास बढाउन र त्यस अभ्यासलाई आत्मसात गरी इमान्दारिताका साथ अगाडि बढ्न आग्रह गर्नुभयो।

लोकतन्त्र आइसकेपछि पनि अन्य बाटोबाट अघि बढ्न सकिन्छ भन्ने तथा रोज्ने प्रवृत्ति कायम रहेको उल्लेख गर्दै उहाँले नेपाली जनता त्यस्ता कुराबाट सतर्क हुनुपर्ने बताउनुभयो। "शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन तथा अझै पनि यसधारमा समाहित नभइसकेका वा हुन नसकिरहेको पक्षलाई म यस अवसरमा संवादका माध्यमबाट शान्तिपूर्ण राजनीतिको मूलधारमा आउन आग्रह गर्दछु", उहाँले भन्नुभयो।

बृहत्तर राष्ट्रिय हित र लोकतन्त्रको पक्षमा एक भएर अगाडि बढ्नुको बिकल्प नभएको उल्लेख गर्दै उहाँले कुनै पनि अलमलमा नपरी विगतका बलिदानलाई सम्झेर अगाडि बढ्न अपिल गर्नुभयो। "सानातिना मतभेदलाई छाडेर बृहत्तर हित र स्वार्थमा एकताबद्ध भएर अगाडि बढौं", राष्ट्रिय एकतामा जोड दिँदै उहाँले भन्नुभयो।

प्रधानमन्त्री ओलीले जनसङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षा गर्दै नेपाललाई एकजुट बनाएर आगामी दिनमा सुन्दर भविश्य रचना गर्ने साझा प्रयास अगाडि बढाउनुपर्ने र त्यसका लागि हाम्रा चिन्तन र व्यवहार राष्ट्रिय हितमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो। "जनताको आकांक्षा सम्बोधन गर्ने दिशामा आगामी कदम अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "राष्ट्रलाई एकताबद्ध बनाएर अगाडि बढ्न म सबैलाई आग्रह गर्दछु।"

**'सरकारले लोकतन्त्रको बाटो बिराउँदैन'**

संविधानको परिपालनामा सरकारको पूर्ण प्रतिबद्धता रहेको उल्लेख गर्दै उहाँले सरकारबाट लोकतन्त्रमा कुनै खतरा नरहेको प्रष्ट पार्नुभयो। "सरकारले लोकतन्त्रको बाटो बिराउँदैन, संविधान मिच्दैन, मिच्न दिँदैन्, जनताको अभिमतभन्दा विपरित जान दिँदैन र जाँदैन", लोकतन्त्रप्रति सरकारको निष्ठा प्रकट गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "भ्रष्टाचार गर्दैन र गर्न दिँदैन, सुशासन कायम गरेर छाड्छ, अपराधलाई नियन्त्रण गर्छ।"

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य पूरा गर्ने र त्योभन्दा अगाडि नै दिगो विकासका शर्त पूरा गर्ने अभियानका साथ सरकार अगाडि बढेको उल्लेख गर्दै उहाँले अबको प्रयासलाई तीव्र पारिने बताउनुभयो। संविधान जारी भएपछि जनताको अभिमतबाट गठित आफ्नो सरकारले जनताको पक्षमा अभूतपूर्व काम गरेको दाबी गर्दै प्रधानमन्त्री ओलीले सरकार गठन भएको शुरुको वर्ष विकासको आधार वर्ष र अर्को वर्ष समृद्धि आरम्भको वर्षका रुपमा वितेको स्मरण गराउनुभयो।

प्रधानमन्त्री ओलीले मुलुकलाई समृद्धिको मार्गमा अगाडि बढाउने, लोकतन्त्रको मूल्य र मान्यता स्थापित गराउने सन्दर्भमा असाधारण उपलब्धि हासिल गरिएको बताउनुभयो। "बितेका सात दशकमा नेपालमात्र नभई विश्व नै अत्यन्त तीव्र गतिका साथ अगाडि बढिरहेको छ, विज्ञान र प्रविधि, आर्थिक उन्नति र विविध क्षेत्रमा हामीले असाधारण उन्नति गरेका छौं", उहाँले भन्नुभयो, "अझै पनि केही शान्ति, विकास र सामाजिक न्याय र समानताको पक्षमा देशभित्रका नागरिकको पक्षमा अझै पनि थुप्रै काम बाँकी छ।"

जनताको संघर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीलाई व्यवहारको माध्यमबाट अझ सुदृढ, जीवन्त र खदिँलो बनाउँदै लैजानुपर्नेमा जोड दिँदै उहाँले पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा तथा आर्थिक समृद्धिका क्षेत्रमा प्राप्त उपब्धिलाई रक्षा गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो। सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई साकार पार्न सुशासन र विकासको बाटोबाट अगाडि बढ्ने अथक प्रयास गरिरहेको बताउनुभयो।

लोकतन्त्रलाई बिनाव्यवधान र बिनाविकृति अगाडि बढाउन, लोकतन्त्र भित्रैबाट अस्वस्थता र अस्थिरताको प्रयास हुन नपाओस् भन्ने अभिप्रायले मुलुक फेरि नयाँ निर्वाचनतर्फ अग्रसर भएको उल्लेख गर्दै उहाँले निर्वाचनको तयारीका लागि सबै निकायलाई जिम्मेवारीपूर्वक आआफ्नो भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो। "कुनै पनि हिसाबले अलमल गर्ने, लोकतन्त्रलाई अलमलमा पार्ने भूमिका कहींकतैबाट हुनु हुँदैन", उहाँले भन्नुभयो, "निर्धारित समयमा निर्वाचन हुनेछ र निर्वाचन गरिनु पर्छ, देशलाई अस्थिरताबाट जोगाउने बाटो ताजा जनादेश नै हो।" प्राप्त उपलब्धिको रक्षा गर्दै कार्यान्वयनमा जुटेर सुशासन र विकासको सपनालाई साकार पार्नु अहिलेको आवश्यकता भएको उहाँको तर्क थियो।

समारोहमा नेपाली सेनाको हेलिकोप्टबाट 'राष्ट्रिय प्रजातन्त्र दिवस-२०७७' अंकित व्यानर र पुष्पवृष्टि गरिएको थियो। कार्यक्रममा नेपाली सेनाको अगुवाईमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नगर प्रहरीले मार्चपास गरेका थिए। त्यस्तै कलाकारहरूले राष्ट्रिय गीत प्रस्तुत गरेका थिए। समारोहमा राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रधानन्यायाधीश, उपप्रधानमन्त्री, मन्त्रीगण, संवैधानिक निकायका पदाधिकारी, नेपालस्थित विभिन्न कूटनीतिक नियोगका प्रतिनिधिलगायतको उपस्थिति थियो।

***राजविराज ...***

भुक्तान गरिरहेका सप्तरीको रुपनी गाउँपालिका ५ का इसोहित हसन, छिन्नमस्ता गाउँपालिका ५ का गौतम शर्मा, खडक नगरपालिका ५ का सन्तोषकुमार साह, सुनसरीको इनरुवा ७ का रोशन थापा र सिरहाको कर्जनहा नगरपालिका ६ का सुरेन्द्र दास रिहा भएका छन्।

यस्तै कर्तव्य ज्यान मुद्दाका सर्लाहीको हंसपुर गाउँपालिका ५ की मन्जुदेवी यादव, सप्तरीको सप्तकोशी नगरपालिका ४ का कुमार बाँतर सरदार र बोदेबरसाइन नगरपालिका ४ का जितेन्द्र यादव रिहा भएका छन्।

यस्तै डाँका खुनी मुद्दाका झापाको मेची नगरपालिका २ का समिर अली तथा बहुविवाह मुद्दाका बोदेबरसाइन नगरपालिका ९ का विद्यानाथ साह रिहा भएका छन्।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको व्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै व्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको व्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# कमला सिँचाइको मूलद्वारलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिँदै

लहान, ७ फागुन (रासस)।

सिरहाको कर्जन्हा नगरपालिका-२ स्थित कमला सिँचाइको पूर्वी मूलद्वारलाई पर्यटक क्षेत्रको रुपमा विकास गर्न लागिएको छ। सरकारले मनाउन लागेको पर्यटन वर्षलाई फलदायी बनाउने उद्देश्यले कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाले कमला सिँचाइको पूर्वी मूलद्वारलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न लागेको हो।

"पछिल्लो समय कमला सिँचाइको पूर्वी मूलद्वारमा घुमफिर गर्नेदेखि वनभोज गर्न आउनेको सङ्ख्या बढ्दै गरेको छ", बन्दीपुरका स्थानीय राजकुमार लामाले भन्नभुयो, "पहिला पहिला त्यहाँ खासै सर्वसाधारणको चहलपहल थिएन्, तर पर्यटकलाई आकर्षित गर्न त्यहाँ भौतिक संरचना निर्माण गरिएपछि विस्तारै चहलपहल बढ्न थालेको छ।"

कमला नदीबाट सिँचाइ गर्न बनाइएको सिँचाइ आयोजनाको मूलद्वारमा आन्तरिक पर्यटक आउने गरेकाले त्यो स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने योजना ल्याएको कमला सिँचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख विनयकुमार गामीले जानकारी दिनुभयो। "धार्मिकस्थलको रुपमा समेत परिचित कमला नदीमा नुहाउन आउने श्रद्धालु बढ्दै गएको छ", प्रमुख गामीले भन्नुभयो, "त्यसैले सो स्थानलाई आर्थिक वर्ष २०७६/०७७ देखि नै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न लागेका छौँ।" यसबाट आन्तरिक पर्यटकसँगै बाह्य पर्यटकसमेत आउने विश्वास लिइएको प्रमुख गामीको भनाइ छ।

पूर्व पश्चिम लोकमार्गअन्तर्गत बन्दीपुरदेखि करिब एक किलोमिटरको दूरीमा रहेको सो क्षेत्रमा करिब रु २० लाखको लागतमासडक ग्राभेल, पोखरी निर्माण, नहर वरिपरि आकर्षक घाँसको चपरी, वृक्षरोपण, रङरोगन, रेलिङ, पर्यटक बस्ने कुर्सी निर्माण गरिएको प्रमुख गामीले बताउनुभयो। प्रमुख गामीका अनुसार चालु आर्थिक वर्षभित्र बन्दीपुरदेखि करिब एक किलोमिटर सडकलाई कालोपत्रे गरिने छ।

सो स्थलमा नयाँ निर्माण गरिएको पोखरीमा डुङ्गा राख्ने योजनासमेत रहेको कमला सिँचाइ व्यवस्थानप कार्यालयले जनाएको छ। चुरेको फेदमा रमणीयस्थलको रुपमा रहेको सोस्थलमा पहाड क्षेत्र खोला, मूलगेट निर्माण गरिएको छ। आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न बनाइएका संरचनासँगै किसानलाई बाह्रै महिना मौसमी, बेमौसमी तरकारी खेती गर्न नर्सरी माइनर योजनाअन्तर्गत कुलोसमेत निर्माण गरिएको प्रमुख गामीले बताउनुभयो। करिब ५०० बिघा क्षेत्रफलमा फैलिएको सो क्षेत्रका किसानका खेतमा जेठसम्म सिँचाइ पुऱ्याउने लक्ष्यका साथ कुलोसमेत निर्माण गरिएको छ। यसबाट खेती गर्न असाध्यै सहयोग पुगेको किसानको कथन छ।

### *मोटरसाइकल आफै ...*

मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

बोदेबरसाईन नगरपालिका ७ हैठीस्थित भित्र सडकखण्डमा बरसाईनबाट देउरीतर्फ जादै गरेको स.११प. ४६४३ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा मोटरसाईकल चालक खड्क नगरपालिका ९ लालपट्टी निवासी ३१ वर्षिय मो. लियाकतको मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा परि गम्भिर घाइते भएका लियाकतको स्थानिय जिवन दिप अस्पताल बोदेबरसाइनमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

ईलाका प्रहरी कार्यालय बोदेबरसाइनबाट खटेको प्रहरी टोलिले स.११प. ४६४३ नं.को मोटरसाइकल नियन्त्रण लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर प्रसाद साहले जानकारी दिएका छन्।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने बा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### पाकिस्तानमा पाँच सैनिकको हत्या

इस्लामाबाद, ७ फागुन (रासस-सिन्ह्वा)।

पाकिस्तानको दक्षिणी वजिरिस्तान जिल्लाको सुरक्षा जाँच चौकीमा भएको आक्रमणमा पाँच सैनिकको मृत्यु भएको छ।

सुरक्षा अधिकारीहरुका अनुसार दक्षिणी वजिरिस्तानको जवार पोस्टमा बिहीबार राति आक्रमण भएको र त्यसबाट पाँच सैनिकको मृत्यु हुनुका साथै अर्का एक सैनिक गम्भीर घाइते भएका छन्। सेनाले उक्त इलाकामा थप सैनिक परिचालन गरी आक्रमणकारीको खोजी कार्यलाई तिब्र बनाएको जनाएको छ। उक्त आक्रमणको जिम्मेवारी पाकिस्तानी तेहरिक-ए-तालिबानीले लिएको छ।

अफगानिस्तानसँग सीमा जोडिएको दक्षिणी वजिरिस्तान हतियारधारी विद्रोहीहरुको गढका रुपमा चिनिन्छ। तर सरकारले व्यापक सैनिक परिचालन गरी त्यस क्षेत्रमा सक्रिय विद्रोहीलाई निस्तेज बनाउँदै लगेको छ। तैपनि, विद्रोहीहरुले बेलाबखत उक्त क्षेत्रमा तैनाथ सुरक्षाकर्मीलाई लक्षित गरी आक्रमण गर्ने गरेका छन्। यसै महिनाको शुरुमा पनि दक्षिणी वजिरिस्तानमा सुरक्षाफौज र लडाकूबीच गोली हानाहान भएको थियो। उक्त घटनामा चार जना विद्रोही र चार जना सैनिकको ज्यान गएको थियो।

### प्रतिबन्धहरु फुकुवा गर्न अमेरिकासँग इरानको पुनः आग्रह

तेहरान, ७ फागुन (रासस-एएफपी)।

इरानले अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध लगाएका सबै किसिमका प्रतिबन्धहरु फुकुवा गर्न शुक्रबार नयाँ अमेरिकी प्रशासन समक्ष पुनः आग्रह गरेको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले इरानको आणविक समस्यालाई लिएर वार्ता गर्न इच्छा व्यक्त गरेलगत्तै इरानले उक्त धारणा सार्वजनिक गरेको हो। इरानी विदेश मन्त्री मोहम्मद जावाद जरिफले ट्वीट गर्दै पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पले इरान विरुद्ध लगाएका सबै किसिमका प्रतिबन्धहरु विनाशर्त र प्रभावकारी रुपबाट तत्कालै फिर्ता लिन आग्रह गर्नु भएको छ।

बिहीबार युरोपेली गठबन्धनका मुलुकहरुको अगुवाईमा बाइडेन प्रशासनले इरानसँग वार्ता गर्न इच्छुक रहेको जनाएको थियो। इरानसँग सन् २०१५ मा भएको आणविक सम्झौतालाई बचाउन पनि अमेरिका र युरोपेली मुलुकहरु एक ठाउँमा उभिन लागेका हुन्।

इरानले आणविक सम्झौता कायम राख्न आइतबारसम्मको समयावधि तोकेको थियो। इरानको परिस्थिति निकै नाजूक बनिसकेको जनाउँदै अझै युरोपेली मुलुकको मात्र कुरा सुनेर धैर्य गर्न नसकिने इरानको भनाई थियो। अमेरिकी नयाँ विदेशमन्त्री एन्टोनी ब्लिन्केनले इरानलाई आइतबारकै समयसीमा नतोक्न आग्रह गर्नु भएको थियो।

फ्रान्स, बेलायत र जर्मनीका विदेश मन्त्रीहरुसँगको भिडियो कन्फेरन्स सम्पन्न भएको केही घण्टापछि युरोपेली युनियनका राजनीतिक निर्देशक एन्रिक मोराले ट्वीट गर्दै इरान र अमेरिका सम्मिलित अनौपचारिक बैठक गर्न सहमति जुटेको जानकारी दिनु भएको थियो। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले इरानी आणविक कार्यक्रमका बारेमा कुटनीतिक पहलका लागि इरान र आणविक सम्झौताका पक्ष राष्ट्रहरुबीच छलफल गर्न गरिएको निमन्त्रणालाई अमेरिकाले स्वीकार गरेको बताउनु भएको छ।

इरानको सन् २०१५ को आणविक सम्झौतामा राष्ट्रसंघको स्थायी समितिका सदस्यहरु बेलायत, चीन, फ्रान्स, रसिया र अमेरिका तथा जर्मनीले हस्ताक्षर गरेका थिए। उक्त सम्झौता तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाको अग्रसरतामा भएको थियो। सम्झौतापछि इरानले आफ्नो आणविक कार्यक्रमलाई व्यापक कटौती गरेको थियो जसको बदलामा इरानमाथि लागेका आर्थिक नाकाबन्दीहरु फुकुवा गरिएको थियो।

तर आणविक सम्झौताप्रति विमति राख्दै तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१८ मा उक्त सम्झौताबाट अमेरिका बाहिरिएको घोषणा गरी इरान विरुद्ध कडा प्रतिबन्धहरु लगाउनु भएको थियो।

### अफगानिस्तानमा सेनाको कारबाहीमा सात लडाकू मारिए

काबुल, ७ फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको दक्षिणी कान्दाहार प्रान्तमा सरकारी सुरक्षाफौजले गरेको कारबाहीमा कम्ती ७ जना तालिबान लडाकू मारिएका रक्षा मन्त्रालयले जनाएको छ। मन्त्रालयको विज्ञप्तिमा बिहीबार कान्दाहारको डन्ड र अर्घन्डाब जिल्लामा तालिबान लडाकू भेला भई सेनाको शिविरमा आक्रमण गर्न लागेको भन्ने सूचनाका आधारमा सेनाले कारबाही गरेको उल्लेख छ।

कारबाहीमा अरु तीन तालिबानी लडाकू पनि घाइते भएका थिए। सैनिक कारबाहीलाई सघाउन अफगान हवाई बलले पनि मद्दत गरेको रक्षा मन्त्रालयको भनाइ छ। मन्त्रालयले विद्रोही तालिबानका एउटा कारबम, तीन वटा मोटरसाइकलसहित हातहतियार बरामद भएको जनाएको छ।

सेनाले खोज तथा घेराबन्दी सैन्य कारबाही थालेपछि विद्रोही तालिबानको बलियो उपस्थिति रहेको कान्दाहारमा सुरक्षा व्यवस्थामा पछिल्ला केही महिनादेखि निकै सुधार आएको छ। तर विद्रोहीले सरकारका खासखास स्थान र व्यक्तिमाथि साङ्घातिक आक्रमण गरिरहेका छन्। तालिबान समूहले भने उक्त घटनाका बारेमा केही प्रतिक्रिया जनाएका छैनन्।

# कांग्रेस महाधिवेशन आगामी भदौ ७ गते

काठमाडौँ, ७ फागुन (रासस)।

नेपाली कांग्रेसले पार्टीको आगामी १४औँ महाधिवेशन विसं २०७८ भदौ ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ। कांग्रेस महामन्त्री पूर्णबहादुर खड्काले राख्नुभएको उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिको बिहीबार बसेको बैठकले सर्वसम्मतिले पारित गरेको पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो।

त्यसैगरी कांग्रेसले गाउँ/नगर वडा अधिवेशन आगामी असार ५ गते, गाउँ/नगरपालिका अधिवेशन असार ७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन ३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन ६ गते र प्रदेश अधिवेशन साउन १० र ११ गते गर्ने निर्णय गरेको छ।

कांग्रेसले पार्टीको विधानमा पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरुको पदावधि चार वर्षको रहेको र असाधारण स्थितिमा एक वर्ष थप गर्न पाउने व्यवस्थालाई नेपालको संविधानबमोजिम विशेष परिस्थितिका कारण पाँच वर्षभित्र निर्वाचन हुन नसकेमा छ महिना थप गर्न सकिने व्यवस्था गर्ने निर्णय गरेको छ। उक्त निर्णय पार्टीको आगामी चौधौँ महाधिवेशनमा राखिने पार्टी कार्यालयले जनाएको छ।

बैठकले म्याद समाप्त भएका भारत, अमेरिका, इटाली, जर्मनी, स्पेन, कतार, मलेशिया, न्यूजील्याण्ड, पोल्याण्ड, चीन, फिनल्याण्ड, आयरल्याण्ड, स्वीडेन, स्वीट्जरल्याण्ड, साउदी अरब, बेल्जियम, जापान, अष्ट्रेलिया, दक्षिण कोरिया, पोर्चुगल, मकाउ, बहराइन, ओमन, फ्रान्स र लग्जम्बर्गस्थित नेपाली जनसम्पर्क समितिको अवधि समाप्त भएको मितिले आगामी असारभित्र अधिवेशन सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णयसमेत गरेको छर।

बैठकले समायोजन हुन बाँकी रहेका जिल्लाको पार्टीको अन्तरिम संरचना समायोजन गरिसक्नुपर्ने अन्तिम अवधि यही फागुन १५ गतेभित्र तोकेको उहाँले बताउनुभयो। साथै केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची पार्टीको केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि आगामी जेठ २४ गतेभित्र तोकिएको समेत उहाँले बताउनुभयो। बैठकले कांग्रेसको विधानबमोजिम क्रियाशील सदस्यता छानबिन समितिको संयोजकमा रमेश लेखक र सदस्यमा आनन्दप्रसाद ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरीलाई मनोनयन गरेको छ।

बैठकले प्रतिनिधिसभा विघटनका विरुद्धमा केन्द्रीय कार्यसमितिले घोषणा गरेअनुरुप गत पुस १३ गतेदेखि यही फागुन ३ गतेसम्म विभिन्न तहमा भएका प्रदर्शनमा भएको व्यापक सहभागिताबाट पार्टीले अघि सारेको धारणाका पक्षमा व्यापक जनमत प्रकट भएको ठहर गरेको छ। तसर्थ पार्टीको क्रियाशील सदस्यता वितरण र महाधिवेशन तयारीका कार्यहरुलाई असर नपर्ने गरी आन्दोलनलाई निरन्तरता दिँदै कार्यक्रम निर्माण र आयोजना गर्न पार्टी जिल्ला कार्यसमिति एवं विभिन्न तहलाई गर्न निर्देशनसमेत दिएको छ।

मुलुकमा महिला उपर हिंसा, बलात्कार र हत्याका घटना पछिल्लो समय झनै बढेर गएकामा गम्भीर चिन्ता प्रकट गर्दै बैठकले त्यसविरुद्ध समाजको जागरुकता र राज्यको कर्तव्यमा तदारुकता बढाउन अपिल गर्ने निर्णय गरेको छ। साथै यस्ता घटनाका विरुद्ध दबाबमूलक अभियानका लागि यही फागुन ८ गते दिनको १ बजे राजधानीको रत्नपार्क (शान्तिवाटिका) मा नेपाल महिला सङ्घद्वारा आयोजित प्रदर्शनमा व्यापक सहभागिताका लागि बैठकले सबैलाई अपिल गरेको छ।

बैठकले कोभिड-१९ को प्रकोप अझै समाप्त नभएको भन्दै कोभिडको नयाँ भेरिएन्ट नेपालमा प्रवेश हुन नदिनका लागि आवश्यक पर्ने सम्पूर्ण उपाय गर्न सरकारसँग माग गरेको छ। कांग्रेसले एकातर्फ निर्वाचन घोषणा भएको छ भनेर दलको विवाद निरुपण नगर्न निर्वाचन आयोगलाई दबाब दिने, अर्कातर्फ निजामती सेवा र प्रहरीमा सरुवा, विभिन्न निकायमा नियुक्ति एवं समस्या समाधान गर्न होइन नागरिकलाई प्रलोभनमा पार्ने उद्देश्यले भूमि आयोगमा नियुक्ति गर्ने द्वैध चरित्रले सत्ताको चरम दुरुपयोग भएको आरोप लगाउँदै नैतिक आचारको दृष्टिले समेत यो विल्कुलै गलत र आपत्तिजनक रहेको ठहर गरेको छ।

बैठकले कोभिड-१९ बाट आर्थिकरूपमा कमजोर भएका आम नागरिकमाथि सरकारले हालै गरेको पेट्रोलियम पदार्थको मूल्यवृद्धिले आम नागरिक झन् मर्कामा परेको उल्लेख गर्दै आम नागरिकको दैनिक जीवनसँग सरोकार राख्ने पेट्रोलियम पदार्थको मूल्य वृद्धि तुरुन्त फिर्ता लिन सरकारसँग माग गरेको छ।

बैठकमा कोषाध्यक्ष सीतादेवी यादव, केन्द्रीय सदस्य डा प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, डा रामशरण महत, बलबहादुर केसी, रमेश रिजाल, अर्जुनप्रसाद जोशी, शङ्कर भण्डारी र ईश्वरी न्यौपानेले आफ्नो धारणा राख्नुभएको थियो।

# भ्रामक प्रचारमा नपर्न जसपा निकट राष्ट्रिय विद्यार्थी संघको आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ७ फागुन।**

जनता समाजवादी पार्टी निकट राष्ट्रिय विद्यार्थी संघले विद्यार्थी युनियनको समायोजन प्रक्रिया अगाडी बढीरहदा एकता प्रक्रियामा पूर्व विद्यार्थी संघको अध्यक्ष मण्डलमा कुनै सरसल्लाह तथा परामर्श नगरि राष्ट्रिय विद्यार्थी संघको नाउँमा गर्न लागेको कार्यक्रम आधिकारीक कार्यक्रम नरहेको जनाएको छ।

राष्ट्रिय विद्यार्थी संघका केन्द्रिय अध्यक्षहरु किशोर कुमार यादव, ज्ञानकुमार झा, लालबाबु साह, चिरञ्जीवी यादव र सहअध्यक्ष नरेन्द्र यादवद्वारा शुक्रबार प्रति संयुक्त विज्ञप्तिमा सो कुरा जनाइएको छ।

जारि विज्ञप्तिमा पूर्व समाजवादी पार्टी र पूर्व राजपा नेपाल आवद्ध भातृ संगठन समाजवादी विद्यार्थी युनियन तथा राष्ट्रिय विद्यार्थी संघको समायोजन प्रक्रिया अगाडी बढीरहेको बेला फागुन १२ र १३ गते हुन लागेको कार्यक्रममा आफूहरुको सरसल्लाह नलिई एउटा गुटको कार्यक्रम हुनगइरहेको आरोप लगाइएको छ।

सोही विज्ञप्तिमा केन्द्रिय समितिका पदाधिकारी, जिल्ला कार्यसमितिका पदाधिकारीहरु समेतलाई विज्ञप्तिमार्फत जानकारी गराउँदै बिरोधी गुटहरुप्रति सजग रहन नेतृत्व पंक्तिको ध्यान आकृष्ट गराइएको छ।

राष्ट्रिय विद्यार्थी संघको अध्यक्ष मण्डल तथा केन्द्रिय पदाधिकारीहरुको बैठक फागुन १० गते प्रदेश २ को राजधानी जनकपुरधाममा बसेर समायोजन प्रक्रिया तथा संगठनको आगामी कार्यदिशा बारेमा निर्णय लिने विज्ञप्तिमार्फत जानकारी दिइएको छ।

साथै विज्ञप्तिमार्फत भ्रामक प्रचार तथा प्रेस विज्ञप्तिको पछाडी नलाग्न सबै सरोकारवाला तथा सम्बन्धीत निकायहरुमा आग्रह समेत गरिएको छ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*